नगर कार्यपालिकाको बैठक संख्या ७१
स्थान कार्यपालिका बैठक हल
समय: विहान ८:०० बजे

आज मिति २०७८साल पौष १९ गतेका दिन यस बडीमालिका नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री पदम बडुवालको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

| सि.न. | नामथर | पद | कार्यपालिकाको पद | दस्तखत |
|---|---|---|---|---|
| १ | पदम बडुवाल | नगरप्रमुख | अध्यक्ष | |
| २ | कविता विष्ट | नगर उपप्रमुख | सदस्य | |
| ३ | रामबहादुर कार्की | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | डम्मरवहादुर महत | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | वीरबहादुर रावल | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | सुरेन्द्र नाथ | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | बलबहादुर थापा | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | कला बडुवाल | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | धर्मराज पाध्याय | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | प्रकाश रावल | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | लाल व नेपाली | ९ नं. का वावडा अ | सदस्य | |
| १२ | कर्णबहादुर बोगटी | | सदस्य | |
| १३ | हर्क लोहार | | सदस्य | |
| १४ | जमुना रावत | | सदस्य | जमना |
| १५ | धनमति बि क | | सदस्य | धनमति |
| १६ | जयन्ती हमाल | | सदस्य | |
| १७ | जित नेपाली | | सदस्य | |
| १८ | उर्मिला मिजार | | सदस्य | |
| १९ | रंगमल वि क | | सदस्य सचिव | |
| | आमन्त्रीत कर्मचारी | | | |
| सि.न. | नामथर | पद | हस्ताक्षर | |
| १ | [illegible] | अधिकृत (प्र.) | | |
| २ | [illegible] | [illegible] | स्वास्थ्य शाखा | |
| ३ | [illegible] | [illegible] | UNICEF | |
| ४ | [illegible] | | [illegible] | |

## मिति २०७८ पौष १९ गतेको ७१ औं कार्यपालिका बैठकका निर्णयहरु:

**प्रस्तावहरु**

१. दशौं नगरसभा सम्वन्धमा ।
२. ऐन कानुनको विधेयक सम्वन्धमा तथा अभिलेख व्यवस्थापन सम्वन्धमा ।
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि प्रस्ताव पेश सम्वन्धमा ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्वन्धमा ।
५. समपुरक र विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।
६. एम्बुलेन्स खरिद सम्वन्धमा ।
७. आधारभूत स्वास्थ्य केन्द्र संचालन सम्वन्धमा ।
८. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
९. LISA सम्वन्धमा ।
१०. सुधारिएको चुल्लो खरिदका लागि स्वलगानी संकलन सम्वन्धमा ।
११. विविध

### १० औं हिउदे नगरसभा संचालन सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा १० औं हिउदे नगरसभा बैठक २०७८ षौष २८ गते बुधबार बिहान ११:०० बजे बडीमालिका नगरपालिकोको सभा हलमा संचालन गर्ने निर्णय गरियो ।

### ऐन कानुनको विधेयक स्वीकृत सम्वन्धमा ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ स्थानीय तहका एकल अधिकार सूची भित्र रहेका २२ वटा र अनुसूची ९ को साझा अधिकारसूची बमोजिम स्थानीय तहसँग सम्वन्धित अधिकारहरुको सफल कार्यान्वयनका लागि आवश्यक तपसिल बमोजिमका विधेयकहरुमाथि दफावार छलफल भयो । छलफल पश्चात कानुनको सर्वस्वीकार्य र अपनत्व कार्यम गर्न सरोकारवालाहरुको सूझाव संकलन गरी प्राप्त सुझाव समावेश गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) स्थानीय स्वास्थ्य सेवा विधेयक २०७८
(ख) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन विधेयक २०७८
(ग) पूर्वाधार व्यवस्थापन विधेयक २०७८
(घ) बजार व्यवस्थापन विधेयक २०७८
(ङ) वन विधेयक २०७८

(च) संघसंस्था दर्ता सम्वन्धी विधेयक २०७८

(छ) सम्पत्ती तथा भूमिकर व्यवस्थापन कार्यविधि मस्यौदा २०७८

(ज) फोहरमैला व्यवस्थापन विधेयक २०७८

(झ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति मस्यौदा २०७८

(ञ) सार्वजनिक खरिद नियमावली विधेयक २०७८

(ट) सार्वजनिक नीजि साझेदारी विधेयक २०७८

(ठ) खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक २०७८

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी सिफारिस गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.२०७८।७९ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट आव्हान गरिएको सूचना बमोजिम २०७८।९।१६ गते भित्र यस नगरपालिकामा पेश भएका सवै क्षेत्रका प्रस्तावहरूलाई स्वीकृत गरी तोकिएको समयावधी भित्र शिक्षा विकास तथा समन्वय इकाई मार्तडी बाजुरामा सिफारिस गर्ने निर्णय गरियो ।

| जिल्ला | स्थानीय तह | IEMIS CODE | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरु | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० १० | श्री चोयकोट माध्यमिक विद्यालय बनपा ६ रजाली | १. विद्यालय भौतिक निर्माण विकास कार्यक्रम ४ कोठे भवन | चलानी पत्र, पस्तावना, सिफारिस पत्र, बैठक निर्णय | ५ |
| | | | | २. विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापन | | १ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० ०२ | श्री खातीभिटा आधारभूत विद्यालय बनपा ३ रजाली | १. विद्यालय भौतिक निर्माण विकास कार्यक्रम २ कोठे भवन निर्माण | चलानी पत्र, पस्तावना, सिफारिसपत्र, बैठक निर्णय | २ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७००७०० ०३ | श्री कैलाशेश्वरी माध्यमिक विद्यालय बनपा ५ मना | १. कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला स्थापना | चलानी पत्र, पस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १७ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०२३०० ०१ | श्री मष्टेश्वरी आधारभूत विद्यालय बनपा ८ रापक | १. विद्यालयको ४ कोठे भवन निर्माण योजना | चलानी पत्र, पस्तावना, सिफारिसपत्र, बैठक निर्णय | ३ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० १३ | श्री त्रिभुवन आधारभूत विद्यालय बनपा १ नुवाकोट | १. विद्यालयको ४ कोठे भवन निर्माण योजना | चलानी पत्र, पस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १९ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०२३०० ०८ | श्री ज्ञानोदय माध्यमिक विद्यालय बनपा ७ रजातोली | १. विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापन | चलानी पत्र, पस्तावना, सिफारिसपत्र, बैठक निर्णय | ९ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० ०१ | श्री जैशीडाँडा आ वि बनपा १ सल्लेना | १. विद्यालयको २ कोठे भवन निर्माण मर्मत योजना | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० ११ | श्री जाल्पादेवी माध्यमिक विद्यालय बनपा १ पिनालेक | १. विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापन | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १३ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७००७०० ०४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बनपा ६ जडाङ्गा | १. विद्यालयमा विज्ञान व्यवस्थापन | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १४ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० ०६ | श्री घटालेश्वरी आधारभूत विद्यालय बनपा १ पाटा | १. विद्यालयको ४ कोठे भवन निर्माण योजना | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १५ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०१५०० ०७ | श्री मष्टेश्वरी आधारभूत विद्यालय बनपा ९ चौराटा | १. विद्यालयमा विज्ञान व्यवस्थापन | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १६ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७००७०० ०२ | श्री पाथरकोट आधारभूत विद्यालय बनपा ४ रिला | १. विद्यालयको ४ कोठे भवन निर्माण योजना | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | १८ |
| बाजुरा | बडीमालिका नगरपालिका | ६७०२३०० १० | श्री मालिका माध्यमिक विद्यालय बनपा ८ मार्तडी | १. प्राविधिक ल्याब निर्माण | चलानी पत्र, प्रस्तावना, सिफारिसपत्र, बैठक निर्णय | २० |
| | | | | २. विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापन | | २१ |

### प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्वन्धमा ।

**निर्णय नं. ४**

**४.१ प्रस्ताव नं. ४** माथि छलफल गर्दा चालु आ.व.२०७८।७९ मा प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत EMIS मा सूचीकृत भएका ३६२८ बेरोजगार मध्ये चालु आ.व.मा कामका लागि पारिश्रमिक र युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना गरी ७३३ जना श्रमिकलाई मात्र रोजगारी दिन सकिने भएकाले अति विपन्न, गरिव, महिला तथा दलित वर्गका लक्षितहरु बाहेक आ.व.२०७७।७८ मा लाभान्वित वेरोजगारहरुलाई चालु आ.व.मा नदोहोऱ्याउने निर्णय गरियो ।

**४.२ प्रस्ताव नं. ४** माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को परिच्छेद ६ को दफा २७ (१) मा श्रमिकहरुको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहले निर्धारण गरेको दररेट मध्ये जुन बढीहुन्छ सोही दरका आधारमा निर्धारण गर्नु पर्नेछ भन्ने व्यवस्था रहेता पनि सूचीकृत बेरोजगारहरुको संख्या अत्याधिक रहेको कारण जिल्लादररेट बमोजिम पारिश्रमिक कायम गर्दा न्यून वेरोजगारलाई मात्र रोजगार दिन सकिने भएकोले जिल्ला दररेट भन्दा राष्ट्रीय दररेट बमोजिम रु ५७७।- ज्याला दररेट कायम गर्ने निर्णय गरियो ।

**४.३ प्रस्ताव नं. ४** माथि छलफल गर्दा आयोजन संचालनमा सहजताका लागि प्रत्येक वडामा एउटा रोजगार उपभोक्ता समिति गठन गर्ने र आयोजना व्यवस्थापनका लागि निर्देशक समितिको निर्णय बमोजिम व्यवस्थापन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

**४.४ प्रस्ताव नं. ४** माथि छलफल गर्दा कामका लागि पारिश्रमिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट संचालन हुने आयोजनाहरूलाई एकैसाथ संचालन गर्न वडाहरूबाट प्राप्त आयोजनाहरूलाई प्राविधिक लागत अनुमान र बजेटका आधारमा प्राथमिकीकरण गरी सिमा भित्र रही संचालन गर्ने निर्णय गरियो ।

**४.५ प्रस्ताव नं. ४** माथि छलफल गर्दा कामका लागि पारिश्रमिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट निकासा प्रत्येक महिनाको कार्य प्रगतिका आधारमा प्राप्त हुने भएकाले तत्काल आयोजनाहरू संचालन गरी कार्य प्रारम्भ भएको मितिले १५ दिन भित्र सवै श्रमिकहरूको बैक खाता खोली चेकको फोटोकपी रोजगार सेवा केन्द्रमा अनिबार्य उपलब्ध गराउने गरी पत्राचार गर्ने निर्णय गरियो ।

## समपुरक र विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा

### निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ. व. २०७९/८० का लागि प्रदेश र स्थानीय तहमा सघींय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि मिति २०७८।८।२४ गते प्रस्ताव आह्वनको सूचना प्रकाशित भई पौष मसान्तभित्र विद्युतीय माध्यमबाट पेश गर्ने उल्लेख गरिएकोमा सूचना बमोजिमको मापदण्ड बमोजिम डिपिआर/वातावरणीय अध्ययन सम्पन्न भएका तपसिल बमोजिम क्रमागत एवं नयाँ आयोजनाहरू cgrant@npc.gov.np मा समपुरक र sgrant@npcg.gov.np मा विशेष अनुदानका आयोजनाहरूको विद्युतिय माध्यमबाट पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपुरक अनुदान संघ तर्फ**

(क) जडाङ्गा-मना सडक स्तरवृद्धि
(ख) मार्तडी-बडीमालिका पर्यटकीय सडक
(ग) जडाङ्गा-बुढाकोर्ध सडक
(घ) बडीमालिका नगरपालिका प्रशासकीय भवन (क्रमागत)
(ङ) मार्तडी-रजाली-अम्लिस सडक (अन्तरपालिका जोड्ने)

**विशेष अनुदान संघ तर्फ**

(क) घटालेश्वरी आ.वि. ४ कोठे भवन निर्माण बडीमालिका १ पाटा
(ख) जाल्पादेवी मा.वि. ४ कोठे भवन निर्माण बडीमालिका १ पिनालेक
(ग) कैलाशेस्वरी मा.वि. ४ कोठे भवन निर्माण बडीमालिका ५ मना
(घ) कालिका आधारभुत विद्यालय ४ कोठे भवन निर्माण बडीमालिका ७ चुथी

(ङ) मष्टेश्वरी आधारभूत विधालय बडीमालिका ८ रापक ।

**समपुरक अनुदान प्रदेश तर्फ**

(क) काँधका डाँडादेखि खिरिडा हुँदै ढम्कने सडक निर्माण बडीमालिका न.पा.७
(ख) तिपाडा रिला धुरालसैन सडक निर्माण बडीमालिका न.पा. १ र ४
(ग) मार्तडी-बुढाकोर्ध सडक निर्माण बडीमालिका न.पा. ६ र ८
(घ) तिपाडा - पाटा क्रमागत सडक बडीमालिका ४ र १
(ङ) बाउली खेलमैदान निर्माण बडीमालिका न.पा. वडा नं. ८

**विशेष अनुदान प्रदेश तर्फ**

(क) लोडेबगर खेलमैदान निर्माण बडीमालिका न.पा. ७
(ख) कोर्ध खेलमैदान निर्माण बडीमालिका न.पा. ६
(ग) चोयाकोट मा.वि. ४ कोठे भवन निर्माण न.पा. ३
(घ) चौराटा खेलमैदान निर्माण बडीमालिका न.पा. ९
(ङ) भौनेरा खेलमैदान निर्माण बडीमालिका न.पा. २

**एम्बुलेन्स खरिद सम्वन्धमा ।**

**निर्णय नं. ६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा बडीमालिका नगरपालिका अन्तर्गत रहेको बुढीगंगा स्वास्थ्य चौकीद्धारा संचालन गर्ने गरी ख वर्गको एम्बुलेन्स खरिद गरी दिन जिल्ला एम्बुलेन्स सेवा संचालन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

एम्बुलेन्सको प्रकार :- "ख"

बडीमालिका नगरपालिकाद्धारा यस अधि एम्बुलेन्स खरिद नगरिएको र राजश्व छुटको सुविधा समेत नलिएकोले छुट सुविधा सहितको एम्बुलेन्स खरिदका लागि समेत अनुरोध गर्ने निर्णय गरियो ।

**आधारभूत स्वास्थ्य केन्द्र संचालन सम्वन्धमा ।**

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आधारभुत स्वास्थ्य केन्द्र निर्माणका लागि सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, नीति, कानुन मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाको प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना बमोजिम यस नगरपालिकाका ७ वटा अधुरा निर्माणाधिन तपसिल बमोजिमका शहरी स्वास्थ्य केन्द्र भवन निर्माणका लागि ५०% नगरपालिकाबाट व्यहोर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निम्न

(क) पिनालेख शहरी स्वास्थ्य केन्द्र बनपा १

(ख) रजाली शहरी स्वास्थ्य केन्द्र वनपा ३ रजाली

(ग) मना शहरी स्वास्थ्य केन्द्र बनपा ५ मना

(घ) रिला शहरी स्वास्थ्य केन्द्र बनपा ४ रिला ।

(ङ) कोर्ध शहरी स्वास्थ्य केन्द्र बनपा ६ कोर्ध ।

(च) रापक शहरी स्वास्थ्य केन्द्र बनपा ८ रापक ।

(छ) मेलकाँध शहरी स्वास्थ्य केन्द्र बनपा ९ चौराटा ।

**कर्मचारी व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको दैनिक विकास निर्माण कार्यका लागि एवं स्वास्थ्य सेवा सहित अन्य सेवा प्रबाहका लागि निम्न पदहरूमा स्रोतको उपलव्धता भएमा अति आवश्यकीय कर्मचारीहरूको व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) वस्ती विकास तथा भवन निर्माण तर्फ आर्किटेक्चर सव-इन्जिनियर/इन्जिनियर बजेटको उपलव्धता भएमा इन्जिनियर नभएमा सव-ईन्जिनियर १ जना मात्र ।

(ख) वडा कार्यालयमा बसी सेवा प्रबाह गर्ने गरी असिस्टेण्ट सव-इन्जिनियर २ (दुई) जना ।

(ग) पिनालेख शहरी स्वास्थ्य केन्द्रमा अ.हे.व.१ जना, पाटा शहरी स्वास्थ्य केन्द्रमा अ.न.मी.१ जना, रिला शहरी स्वास्थ्य केन्द्रमा १ जना कार्यालय सहयोगी र मेलकाँध शहरी स्वास्थ्य केन्द्रमा १ जना कार्यालय सहयोगी आवश्यक रहेकोमा नगरपालिका अन्तर्गत चालु बजेट शिर्षक एवं स्वास्थ्य तर्फको हस्तान्तरित सर्शत अनुदानमा आधारभुत शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन शिर्षकमा बजेट मागका लागि स्वास्थ्य सेवा विभाग र मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) नतिजा सार्वजनिक गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तय गरिएको विद्युतीय पोर्टल **स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन** (LISA) सफ्टवेयरमा यस नगरपालिकाबाट गत आ.व.२०७७।७८ मा सम्पादित कार्यहरूको विवरण अपलोड गरी जिल्ला समन्वय समितिले पृष्ठपोषण प्राप्त नतिजा अनुसार बडीमालिका नगरपालिकाको ७०.७५% अंक प्राप्ती गरेकोले सो प्राप्त अंक स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त नतिजालाई जानकारीका लागि वेवसाईट एवं अन्य माध्यमबाट सार्वजनिक गर्ने र आगामि हिंउदे नगरसभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

## सुधारिएको चुल्लो खरिदका लागि स्वलगानी संकलन सम्वन्धमा

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा सुधारिएको चुलो खरिद एवं वितरण प्रयोजनका लागि चालु आ.व.मा खरिद प्रकृया अगाडि बढी ठेक्का स्वीकृत भई सम्झौता भईसकेकोमा नगरपालिकालाई घरभित्रको धुँवा रहित नगरपालिका घोषणा गर्ने अभियानलाई सफल पार्न एवं दिगो रूपमा संचालनको लागि नगरबासीको अपनत्व सृजना गर्न प्रति चुलो रु १०००।- (एक हजार) सम्वन्धित परिवारबाट वडा कार्यालयले संकलन गरी नगरपालिका विविध खर्च खातामा जम्मा गर्न लगाउने र सो रकम समेत ठेक्का सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

## विविध

**निर्णय नं. ११**

११.१) कार्यालयको सवारी साधान मर्मत सम्भारको लागि गत वर्ष नै मर्मत आदेश दिइएकोमा उक्त मर्मत आदेश बमोजिम बा.२.झ १३९४ को गाडी मर्मत गरे बापत पेश भएको विल बमोजिमको रु ८,६७,३८८।८१ रकम शिवम अटो ह्विल्सलाई भुक्तानी दिने निर्णय गरियो ।

११.२) बडीमालिका नगरपालिका ९ औं नगर सभाबाट पारित बिनियोजन ऐन २०७८ बमोजिम स्वीकृत बार्षिक कार्यक्रममा बजेट स्त्रोतमा आन्तरीक स्रोत उल्लेख गरिएको बजेटमा हाल आन्तरीक स्रोत बजेट प्राप्ती ज्यादै न्यून देखिएकोमा स्रोत असुली तर्फ कार्यालयले पहल गर्ने यदि असुली हुन नसकेमा चालु आ.व.को अन्तमा समानीकरण अनुदानमा खर्च नभई बचत हुने रकमबाट भुक्तानी दिने यदि समानीकरणबाट बचत हुने रकमबाट समेत भुक्तानी दिन अपुग हुन गएमा आगामी आ.व.२०७९।८० को बजेटमा भुक्तानी दिन बाँकीमा समावेश गरी आगामि आ.व.मा भुक्तानी दिने निर्णय गरियो ।

११.३) मानव सेवा आश्रम सुदूरपश्चिम प्रदेश धनगढी कैलालीमा बडीमालिका नगरपालिका बीच २०७८।४।१ गते सम्पन्न सम्झौतामा बडीमालिका न.पा.वडा नं. ८ निवासी धनबहादुर रावललाई को मानसिक अवस्था असन्तुलन भई उपचारका लागि मानवसेवा आश्रम धगनढीमा उद्वारका लागि पठाइएकोमा उद्धार गरे बापत मासिक ९ हजारका दरले भुक्तानी गर्ने गरी २०७८ मंसिरसम्मको ४५ हजार मात्र रकम मानव सेवा आश्रम धनगढीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

११.४) इ-हाँजिरी व्यवस्थापन गर्ने सम्वन्धमा छलफल गर्दा बडीमालिका नगरपालिकामा कार्यरत कर्मचारीहरूको उपस्थितिलाई विद्युतीय प्रणालीमा समाहित गर्न नेपाल सरकारबाट निर्माण गरिएको विद्युतीय हाँजिरी पोर्टलबाट व्यवस्थापन गरी मेनुअल रूपमा हाँजिरी गर्ने कार्यलाई बन्द गरी २०७८ माघ १ गते देखि लागु गर्ने र उक्त हाँजिरी व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी तोक्ने र महिनाको अन्तिममा प्रतिबेदन तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई आर्थिक प्रशासन शाखामा पेश गर्ने निर्णय गरियो ।

११.५) जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रशासन शाखाको चलानी नम्बर ३५ मिति २०७८।९।[illegible] गते ट्राफिक कोण थान २० खरिद गरेको विल सहित भुक्तानीका लागि प्राप्त हुन आएको विल बमोजिमको ५० हजार रकम विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

११.६) युनिसेफ नेपालबाट प्राप्त कम्वलहरू हाल मौज्दातमा रहेको, लामो समयसम्म राख्दा बिग्रिन सक्ने, नगरपालिका अन्तर्गत संचालित ९ वटा शहरी स्वास्थ्य संस्थामा डेलिभरी सेवा संचालनमा रहेकोले चिसो मौसमका कारण नवजात शिशुलाई चिसोबाट बचाउनका लागि भण्डारमा रहेका कम्वलहरूलाई प्रति स्वास्थ्य संस्थालाई १० का दरले हस्तान्तरण गर्ने निर्णय गरियो ।

११.७) जिल्ला समन्वय समिति प्रमुख बस्ने सरकारी क्वाटर ज्यादै जिर्ण भएकोले मर्मत गरि दिन पटक पटक आग्रह हुदै आएकोले नगरपालिका नजिकै रहेको क्वाटरको मर्मत कार्यका लागि आकस्मिक तथा तत्काल समाधान गर्नु पर्ने कार्यक्रम आयोजना शिर्षक ३११५९ बाट रु २ लाख ७० हजार मात्र खर्च ब्यहोर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकिय अधिकृत